त्रियुगा नगरपालिका नगर कार्यपालिकाको कार्यालय गाईघाट, उदयपुर प्रदेश नं-१, नेपाल

त्रियुगा नगरपालिकाको मापदण्ड न.

# त्रियुगा नगरपालिका "अति विपन्न नागरिक औषधोपचार सहयोग सम्बन्धी मापदण्ड, २०७४

नगर कार्यपालिकाबाट स्वीकृत मितिः – २०७४।१०।२१

त्रियुगा नगरपालिका

गाईघाट, उदयपुर

CS CamScanner

# त्रियुगा नगरपालिका अति विपन्न नागरिक औषधोपचार सहयोग तथा विपद राहत सम्बन्धी मापदण्ड २०७४

नागरिक प्रति नगर सरकारको जिम्मेबारी बहन गर्न र कति विपन्न, विपद तथा संकटापन्न नागरिकहरुको संरक्षण गर्न, स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा १०२ को उपदफा (२) ले दिएको अधिकार प्रयोग गरी त्रियुगा नगर कार्यपालिकाले यो मापदण्ड बनेको छ ।

१. संक्षिप्त नाम र प्रारम्भः (१) यस मापदण्डको नाम विपन्न नागरिक औषधिपचार सहयोग तथा विपद राहत सम्वन्धि मापदण्ड २०७४ रहेको छ ।

(२) यो मापदण्ड तत्काल लागु हुनेछ ।

२. परिभाषा र व्याख्याः यो मापदण्डमा,

क) अति विपन्न नागरिक भन्नाले सहरी क्षेत्र बाहिर ५ कठ्ठा भन्दा कम जग्गा भएको, परिवारको कुनै सदस्य कुनै प्रकारको रोजगारीमा नरहेको तथा आम्दानीको स्रोत मासिक रू. ५०००।- भन्दा कम रहेको नगरक्षेत्रको बासिन्दा सम्झनु पर्छ ।

३. विपन्न नागरिक औषधिपचार सहयोग सम्बन्धि मापदण्डः

(१) नेपाल सरकारले निशुल्क उपचार गर्ने बाहेकको रोग लागेका विपन्न नागरिकलाई रोगको अवस्था हेरी अधिकतम रू. ५०००।० सम्म उपचार सहायता प्रदान गरिनेछ ।

(२) विदेश गई उपचार गराउनु पर्ने रोगिको हकमा सहायता दिने पर्ने अवस्था खुलाई नगरकार्यपालिकामा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

त्रियुगा नगर कार्यपालिकाको मिति २०७४/१०/२१ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

तारानाथ लुईटेल
प्रमुख प्रशासकीय अधिकृत

प्रमुख प्रशासकीय अधिकृत

CamScanner

(२) नेपाल सरकारद्वारा निशुल्क उपचार हुने रोग लागेको अति बिपन्न नागरिक को हकमा उपचार गर्न जाने स्थानसम्म आउने जाने प्रयोजनका लागि एक जनाको दोहोरो यातायात खर्च उपलब्ध गराइने छ । तर यस्तो रकम रू. ३०००।० भन्दा बढी हुने छैन ।

(३) यस दफामा उल्लेखित सहायता रकम एक आर्थिक बर्षमा एक पटक मात्र प्रदान गर्न सकिने छ । एक भन्दा बढी पटक सहायता प्रदान गर्नु पर्ने अवस्था आएमा सो को औचित्य र आधार सहित नगर कार्यपालिकामा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(४) यस दफा बमोजिम आर्थिक सहयोग माग गर्ने व्यक्तिले देहाय बमोजिमका प्रमाण सहित नगरपालिकामा निबेदन दिन सक्नेछ ।

क) वडा समितिको सिफारिस ।

ख) नेपाल चिकित्सा परिषदमा दर्ता भएको चिकित्सकले रोग पहिचान गरेको प्रमाण ।

ग) अति बिपन्न भएको स्वघोषणा ।

(५) गलत सूचना तथा प्रमाण पेश गरी यश दफा बमोजिम कसैले सहयोग प्राप्त गरेको पाइएमा निजलाई नगर पालिकाबाट उपलब्ध गराइने सेवाबाट २ वर्ष सम्म वन्चित गरिनेछ

(६) यस दफा बमोजिम उपलब्ध गराइने सहायताको रकम अघिल्लो आर्थिक बर्षको कूल आन्तरिक आम्दानीको १ प्रतिशत भन्दा बढी हुने छैन ।

२. विपद राहत सम्बन्धि मापदण्ड : (१) प्राकृतिक तथा मानवीय कारणबाट विपदमा परेका नागरिकलाई तत्कालको व्यवस्था गर्न देहाय बमोजिम राहत प्रदान गरिनेछ ।

क) मानवीय क्षती भएको अबस्थामा प्रति मृतक रू. १००००।० उपलब्ध गराइने छ ।

त्रियुगा नगर कार्यपालिकाको कार्यालय
गाईघाट, उदयपुर
प्रदेश नं -१, नेपाल

त्रियुगा नगर कार्यपालिकाको मिति २०७४/१०/२१ गतेको निर्णयानुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

तारानाथ लुइँटेल
प्रमुख प्रशासकीय अधिकृत
प्रमुख प्रशासकीय अधिकृत

CamScanner

ख) विपदमा परी घाइते भएका व्यक्तिको हकमा अवस्था हेरी औषधी उपचार सहयता वापत रू. ३०००।० देखि ७०००।० सम्म उपलब्ध गराइने छ ।

ख) भौतिक सम्पती पूर्ण रूपमा क्षति भएको अवस्थामा क्षतिको अवस्था हेरी प्रति परिवार रू १००००।० उपलब्ध गराईने छ ।

यस खण्डमा उल्लेखित पूर्ण क्षति भन्नाले घर, पशुधन वा बालीनाली पूर्ण रूपमा नष्ट भएको अवस्थालाई जनाउछ ।

ग) आंशिक रूपमा भौतिक क्षति भएको अबस्थामा प्रति परिवार क्षतिको अवस्था हेरी रू ३०००।० देखि ५०००।० सम्म उपलब्ध गराइने छ ।

(३) यस दफामा उल्लेखित सीमा भन्दा बढी रकम उपलव्ध गराउने औचित्य र आधार देखेमा नगरकार्यपालिका बैठकमा निर्णयार्थ पेश गर्नु पर्नेछ ।

(४) विपद राहत पाउने व्यक्तिले देहायका कागजातहरु पेश गर्नु पर्नेछ ।

(क) सरकारी निकायद्वारा जारी भएको पहिचान प्रमाण ।

(ख) विपद भएको स्थानीय सर्जमिन मुचुल्का ।

(ग) विपद भएको देखिने फोटो ।

(५) यस मापदण्डमा उल्लेखित रकम वडा कार्यालयबाट समेत भुक्तानी गर्ने व्यवस्था मिलाइने छ ।

...ा नगर कार्यपालिकाको मिति २०७४/१०/२१ गतेको ...नुसार स्वीकृत भएको व्यहोरा प्रमाणित गरिन्छ ।

तारानाथ लुईंटेल
प्रमुख प्रशासकीय अधिकृत

...शासकीय अधिकृत